निस्दी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
मित्याल, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

Email: info@nisdimun.gov.np
nisdi2007@gmail.com
9857079210/9857079215

च.नं.:
प.सं.: २०८२/०८३

सूचना नं.: ८४

## मकै उन्नत बीउ अनुदान कार्यक्रमका लागि बीउ माग गर्ने सम्बन्धी सूचना !!!

(प्रथम पटक प्रकाशन मितिः २०८२/१०/२५)

यस निस्दी गाउँपालिकाको आ.व. २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम बमोजिम **बीउ बिजन खरिद कार्यक्रम** अन्तर्गत मकै खेती गर्ने कृषक/कृषि फार्म/ कृषक समूहहरुको लागि ५०% अनुदानमा मकैको उन्नत बीउ वितरण गरिने भएकोले, कार्यक्रममा सहभागी हुन ईच्छुक मकै खेती गर्ने कृषक/कृषि फार्म/कृषक समूहहरुले तपसिलमा उल्लेखित आवश्यक कागजातहरु सहित यो सूचना प्रकाशन भएको मितिले १० दिन (२०८२/११/०५) भित्रमा यस गाउँपालिकाको कार्यालयको कृषि विकास शाखा वा सम्बन्धित वडा कार्यालयमा आफूलाई आवश्यक पर्ने मकै बालीको बीउको परिमाण सहित खुलाई कार्यालयले तयार गरेको ढाँचामा निवेदन पेश गर्नुहुन सम्बन्धित सबै मकै खेती गर्नुहुने कृषक/कृषि फार्म/कृषक समूहहरुमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिलः

कार्यक्रम संचालनको मापदण्डहरुः

| क्र.स. | मापदण्ड | मकै बीउको जात | अनुदान सीमा | कैफियत |
|---|---|---|---|---|
| १ | मकै खेती गर्ने कृषक/कृषि फार्म/ कृषक समूहहरु हुनुपर्नेछ | मनकामना ३ | ५०% | |

आवश्यक कागजातहरुः

१. बीउको परिमाण र मकै खेती गरेको रोपनी खुल्ने गरी निवेदन।
२. व्यक्तिको हकमा नागरिकता प्रमाण पत्रको प्रतिलिपि।
३. कृषि फार्म, समूहहरुको हकमा दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि।
४. कृषि समूहहरुको हकमा बीउ माग गर्ने सम्बन्धी निर्णयको प्रतिलिपि।

२०८२/१०/२५
प्रमुख प्रशासकीय अधिकृत

मितिः २०८२/     /     गते

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,

निस्दी गाउँपालिका, मित्याल, पाल्पा।

विषयः मकैको उन्नत बीउ माग सम्बन्धमा।

प्रस्तुत विषयमा तहाँ निस्दी गाउँपालिका गाउँ कार्यपालिका मित्याल, पाल्पा कृषि विकास शाखाको मिति २०८२/१०/२५ गतेमा प्रकाशित सूचना अनुसार मकै खेती गर्ने कृषकहरुलाई मकै उन्नत बीउ अनुदान कार्यक्रमका लागि बीउ मागका लागि निस्दी गाउँपालिका वडा नं. ........., ............................................. को म/हामी ............................................ लाई ............. रोपनी क्षेत्रफलको लागि तपसिल अनुसारको बीउ उपलब्ध गरिदिनुहुन विनम्र अनुरोध गर्दछु/गर्दछौं।

तपसिलः

| क्र.स. | मकै बीउको जातको नाम | परिमाण (के.जी.) | कैफियत |
|---|---|---|---|
| १ | मनकामना ३ | | |

<u>निवेदक</u>

नामः

ठेगानाः

सम्पर्क नं.: